प्रतिदिन
१६ औं
वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : १४० ॥ २०८१ असार १६ गते आइतबार (30th Jun 2024 Sunday) Pratidin National Daily मूल्य-रु.५/-


## सर्बियामा झापाका पाँचसहित ११ नेपाली बन्धक
# तीन परिवारले पठाए साढे ९लाख फिरौती







झापा(प्रस) । सर्बियाको जंगलमा बन्धक बनाइएका झापाका पाँचसहित ११ नेपालीमध्ये तीन परिवारले साढे ९ लाख फिरौती पठाएका छन् । बिर्तामोड-२ का ४५ वर्षीय आमाशु राजवंशी , २५ वर्षीय पशुपति राजवंशी र बाह्रदशी फूलवारीका दिपेश राजवंशीको परिवारले इसेवामार्फत शनिवार साढे ९ लाख रुपैयाँ फिरौती पठाएका हुन् । यद्यपि उनीहरु रिहा हुने-नहुने टुंगो छैन । बन्धक बनाएर यातना दिँदै फिरौती मागेपछि उनीहरुका परिवार शुक्रवारदेखि तनावमा छन् । रोमानिया बस्ने रुपा खत्रीको नाममा साढे ९ लाख रुपैयाँ इसेवामार्फत पठाएको आमाशु र पशुपतिका आफन्त बिर्तामोड नगरपालिकाकी कार्यपालिका सदस्य शर्मिला राजवंशीले बताइन् । खत्रीले अपहरणकारीलाई सो रकम बुझाउने बिश्वास दिलाइएको छ । बन्धकमा परेका आमाशु शर्मिलाका काका र पशुपति काकाका छोरा हुन् । आमाशु गत चैतको अन्तिम र पशुपति बैशाखको पहिलो साता विदेश गएका थिए । उनीहरु साढे ६ लाख रुपैयाँ खर्चिएर इजिप्टका लागि गएका थिए । पैसा नदिए ज्यान मार्ने धम्की दिएपछि राजवंशी परिवार तनावमा परेका छन् । शुक्रवारदेखि लगातार टेलिफोन गरी त्यस्तो धम्की दिएको शर्मिलाले बताइन् । मानव तस्करको चंगुलमा परेर राजवंशीत्रयसहित ११ जनालाई दक्षिणपूर्वी यूरोपेली मुलुक सर्बिया पुर्याइएको थियो । झापाका पाँचजनामा अन्य दुईजना पनि राजवंशी नै भएको र एकजना शिवगञ्जको भएको बताइएको छ ।

शुक्रवार बिहान विदेशी नम्बरबाट फोन आएको थियो । फोनबाट आफन्तहरुलाई जनही ३ लाख पठाइदिन अनुरोध गरेका थिए । शर्मिलाले भनिन्,'पैसा नदिए मार्ने धम्कीसहित बिहानदेखि रातिसम्म लगातार फोन आइरहेको छ घरी हिन्दी बोल्छन् घरी अरु भाषा ।'उनले फिरौती रकम बढाउँदै लगेको जानकारी दिइन् । ११ जनालाई सर्बियाको जंगलमा हातखुट्टा बाँधेर बन्धक बनाइएको खबर आएको शर्मिलाले सुनाइन् । आफन्त समस्या परेको कुरा शर्मिलाले इलाका प्रहरी कार्यालय बिर्तामोड, जिल्ला प्रशासन कार्यालय झापा र सामी परियोजनामा जानकारी गराएको बताइन् । इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले नेपाली बन्धक भएको खबर परिवारमार्फत आएको र बन्धक भएकै भए उद्धारका लागि सम्बद्ध निकायसँग समन्वय गरिएको बताए । उनले शनिवार पीडित परिवारले निवेदन दिएको र सो निवेदन माथिल्लो निकायमा पठाइएको जानकारी दिए ।राजवंशीत्रय मेचीनगर इटाभट्टाकी सपना राजवंशीमार्फत काठमाडौंका विज्ञान खरेलको सम्पर्कमा पुगेको र खरेलले नै उनीहरुलाई विदेश पठाएको पारिवारिक स्रोतले जनाएको छ । सपनाका श्रीमान् नरेश राजवंशी रोमानियामा छन् । उनकै मार्फत राजवंशीत्रय गएको बताइएको छ ।

# शिवगञ्जमा बेठीसहितको बृहत् धान रोपाइँ

शिवगञ्ज(प्रस) ।झापाको शिवसताक्षीमा २१ औं राष्ट्रिय धान दिवस मनाइएको छ । नेपाली कांग्रेस शिवसताक्षीको संयोजन र नेपाल किसान महासंघ शिवसताक्षीको आयोजनामा 'बेठी' सहितको बृहत् धान रोपाइँ शनिवार सम्पन्न भएको हो । नेपाल किसान महासंघ नेपाली कांग्रेसको वर्गीय संगठन हो ।



'बेठी' मा पार्टीका टोल अध्यक्षदेखि लिएर प्रदेश समिति सदस्य समेतले नौमती बाजाको तालमा नाचगान गर्दै सामूहिक रूपमा धान रोपे । उनीहरूले दही चिउरा खाएर असार १५ अर्थात् राष्ट्रिय धान दिवस मनाए । नेपाली कांग्रेस शिवसताक्षीका सभापति अशोक बस्नेतका अनुसार नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवे, कोशी प्रदेश समितिका सदस्य उत्तमबहादुर चौलागाईं, महासमिति सदस्य मचिन्द्र शर्मा, भक्ति सिटौला, खड्गबहादुर कार्की, नेपाली कांग्रेसका नेता परशुराम ढुङ्गाना, मनोज खुलाल कार्की, नेपाल किसान महासंघ झापाका सभापति रतन थिङ्गलावोलगायतले हिलो खेतमा पसेर धान रोपे ।

कार्यक्रममा सहभागी अधिकांशले स्थानीय सूर्यनारायण राजवंशीको खेतमा पुगेर असारे भाकामा लोकदोहोरी गीत गाउँदै हिलो छ्यापाछ्याप गर्दै सामूहिक धान रोपे । ट्र्याक्टरले जोतेर हल गोरुले पटाहा लगाएको ठाउँ सम्याउने, बाउसे र रोपाहारलाई बीउ पुऱ्याउने युवा युवतीको पनि बाक्लो उपस्थिति थियो ।

सहरिया नयाँ पुस्तालाई 'बेठी' शब्द आश्चर्य लाग्न सक्छ । 'बेठी' लगाएर धान रोप्ने चलन निकै पुरानो हो । ग्रामीण भेगका गाउँबस्तीमा असारे भाका गाउँदै रोपाइँ गर्ने चलन पछिल्लो समय लोप हुँदै गएको छ । नौमती बाजा बजाएर असारे भाकामा बाउसे र रोपाहारको दोहोरीसहितको धान रोपाइँ 'बेठी' परम्परा किसानको संस्कृतिलाई महत्व दिन कार्यक्रम आयोजना गरिएको नेपाली कांग्रेस शिवसताक्षीले जनाएको छ ।

पुर्खौंदेखि चल्दै आएको चलनलाई जीवन्त राख्न

❖ बाँकी अन्तिम पृष्ठमा

# साना किसान सहकारीको सामूहिक धान रोपाइँ

भद्रपुर, असार १५ । २१ औं राष्ट्रिय धान दिवसको अवसर पारेर भद्रपुरमा सामूहिक धान रोपाइँ गरिएको छ । भद्रपुर ७ स्थित शान्ति चौक दक्षिणमा रहेको साना किसान सहकारी संस्था चन्द्रगढीको धान खेतमा सामूहिक रोपाइँ गरिएको हो ।



साना किसान सहकारी संस्था चन्द्रगढीकी अध्यक्ष देवीमाया अधिकारीको अध्यक्षता तथा कृषि शाखा भद्रपुरको संयोजनमा भएको कार्यक्रममा नगर प्रमुख गणेश पोखरेल, भद्रपुर १ का वडाध्यक्ष रामप्रसाद अधिकारी, २ का वडाध्यक्ष रामबहादुर कँडेल, भद्रपुर ६ का वडाध्यक्ष रतिया राजवंशी, ७ का वडाध्यक्ष अभिषेक ढुंगाना, भद्रपुर ९ का वडाध्यक्ष रामप्रसाद दाहालगायतका जनप्रतिनिधिहरूले धान रोप्दै सामूहिक धान रोपाइँ महोत्सव मनाएका थिए ।

सोही अवसर पारेर स्थानीय कृषक, बालबालिका, जनप्रतिनिधिलाई लक्षित गरी रमाइलोका लागि हिले दौडसमेत सम्पन्न गरिएको थियो ।

उद्घाटन कार्यक्रममा नगर प्रमुख गणेश पोखरेलले व्यवसायिक कृषि आजको आवश्यकता भएपनि अनुदान सदुपयोग भए नभएको लेखाजोखा गर्ने बेला आएको बताउँदै जलवायु परिवर्तनको असर कृषिमा पर्न थालेकोमा चिन्ता व्यक्त गरे । कार्यक्रममा कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्ट, भद्रपुर २ का वडाध्यक्ष रामबहादुर कँडेल, ७ का वडाध्यक्ष अभिषेक ढुंगानालगायतले मन्तव्य राख्दै कृषक राज्यको पहिलो सम्मानित व्यक्ति भएको भन्दै रसायन र विषादिमुक्त जीवन बनाउन कृषकको उल्लेख्य योगदान रहेको धारणा राखेका थिए ।

# बाह्रदशी र भद्रपुरको नतिजा सन्तोषजनक आएन



झापा(प्रस) । झापाका अन्य पालिकासंगै बाह्रदशीको पनि एउटा विद्यालयको एसईई परीक्षाको नतिजा शून्य आएको छ । बाह्रदशी ४ को जनविकास माध्यमिक विद्यालयको नतिजा शून्य आएको हो । त्यस विद्यालयबाट २१ जनाले परीक्षा दिएका थिए । त्यस्तै बाह्रदशी १ स्थित अमृत माविको उत्तीर्ण दर शून्य आएको छ । सो विद्यालयका तर्फबाट ७० जनाले एसईई दिएकोमा मात्र एकजना उत्तीर्ण भएका छन् । त्यस्तै पंचमणि मावि बाह्रदशी ६ मा पनि एकजना मात्र उत्तीर्ण भएका छन् । त्यस विद्यालयबाट १९ जनाले परीक्षा दिएका थिए ।त्यस्तै अन्य सामुदायिक विद्यालयमा पशुपति माविका १२३ सहभागीमध्ये ४२ जना उत्तीर्ण , फूलवारी माविका २७ जना सहभागीमध्ये ४ जना उत्तीर्ण , गौरीशंकर माविका ६० जना सहभागीमध्ये १९ जना उत्तीर्ण भएका छन् । त्यस्तै संस्थागत विद्यालयतर्फ कंचनगढ एजुकेसन फाउन्डेसनका १३ जना सहभागीमध्ये ३ जना उत्तीर्ण , मिनी माउन्टेन इङ्गिलस स्कुलका ११ जना सहभागीमध्ये ११जना नै उत्तीर्ण , दिपजन अंग्रेजी माविका ५५ जना सहभागीमध्ये ४५ जना उत्तीर्ण , कंचनज्योति अंग्रेजी माविका १८ जना सहभागीमध्ये १४ जना उत्तीर्ण , लिटल स्टार अंग्रेजी माविका ३१ ज्ना सहभागीमध्ये १४ जना

❖ बाँकी तेस्रो पृष्ठमा

# वीरता जेसीजले मनायो धान दिवस



बिर्तामोड(प्रस) ।वीरता जेसीज बिर्तामोडले राष्ट्रिय धान दिवस मनाएको छ ।

जेसीजले शनिवार धान दिवस तथा असार १५ को अवसर पारी सामूहिक रोपाइँ, दहीचिउरा खाने कार्यक्रम गरेको हो । जेसीजले बिर्तामोड-३स्थित प्रभात मास्केको खेतमा सामूहिक रोपाइँ गरेको हो । कृषि कार्यप्रति सम्मान व्यक्त गर्दै युवालाई त्यसतर्फ आकर्षित गरी कृषिमा आत्मनिर्भर बन्दै निर्यातमुखी अर्थतन्त्रमा टेवा पुऱ्याउने सन्देशका साथ कार्यक्रम आयोजना गरिएको वीरता जेसीजका अध्यक्ष विकास बस्नेतले

❖ बाँकी अन्तिम पृष्ठमा

# एसईईमा अनुत्तीर्ण सबै विद्यार्थीलाई ग्रेडवृद्धि परीक्षाको मौका

झापा(प्रस) ।विहीबार सार्वजनिक भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) अनुत्तीर्ण सबै परीक्षार्थीले ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने भएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शुक्रबार यस बारेमा निर्णय गरेर कार्यान्वयनका लागि सम्बन्धित निकायलाई पत्राचार गरिसकेको छ । मन्त्रालयका अनुसार दुईभन्दा बढी विषयमा एनजी आएका परीक्षार्थीलाई पनि ग्रेडवृद्धि परीक्षामा बस्न पाउने व्यवस्था गर्न राष्ट्रिय परीक्षा बोर्डलाई निर्देशन दिइसकिएको मन्त्रालयले जनाएको छ ।

हाल कार्यान्वयनमा रहेको अक्षराङ्क (लेटर ग्रेडिङ) निर्देशिका अनुसार अधिकतम दुई विषयमा अनुत्तीर्ण अर्थात एनजी (नन ग्रेडेड) आएका परीक्षार्थीले मात्र ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने व्यवस्था छ ।

मन्त्रालयले शुक्रबार मन्त्रीस्तरीय निर्णय गर्दै एनजी ल्याएका विद्यार्थीलाई मौका परीक्षामा सहभागी गराउन लेटर ग्रेडिङ निर्देशिका, २०७८ संशोधन गर्ने प्रक्रिया अगाडि बढाउन पाठ्यक्रम विकास केन्द्रलाई निर्देशन दिइसकेको छ । साथै, ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने विद्यार्थीलाई आवश्यक कक्षा सञ्चालन तथा सिकाइ सहजीकरण गर्न विद्यालय तथा सरोकार निकायलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत निर्देशन दिने निर्णय गरेको मन्त्रालयका प्रवक्ता केशवप्रसाद दाहालले जानकारी दिए । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले बिहीबार एसईईको नतिजा सार्वजनिक गरेको थियो । नतिजाअनुसार २ लाख ४२ हजार ३१३ जना विद्यार्थी ननग्रेड (एनजी) मा परेका छन् । यो संख्या परीक्षामा सहभागी ४ लाख ६४ हजार ७८५ विद्यार्थीको ५२.१४ प्रतिशत हो । यो वर्षको मौका परीक्षा साउनको १८ र १९ गते तोकिएको छ ।


ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त
- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price
Rs. 1500/-
Rs. 1050/-

Free Home Delivery




Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# अबको साता बढी वर्षा हुने

झापा(प्रस) । देशका अधिकांश स्थानमा अबको एक साता मध्यमदेखि ठुलो वर्षा हुने भएको छ । जल तथा मौसम विज्ञान विभागले अबको एक साता मनसुन सक्रिय रहँदै मध्यमदेखि ठुलो वर्षा हुने जनाएको हो । मनसुनको न्यूनचापीय रेखा पूर्ण रूपमा विकास भई नेपालनजिक रहेकाले नेपालमा मनसुन थप सक्रिय हुन लगेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । जसका कारण शुक्रबारदेखि आउँदो बिहीबारसम्म देशभर मनसुनी वर्षा हुने मौसमविद् गोविन्द झाले बताए ।

नेपालको पहाडी भेगमा भारी वर्षाले बढी प्रभाव पार्न सक्ने महाशाखाले जनाएको छ । पूर्वी र मध्य तराईमा बिहीबारदेखि नै वर्षाको क्रम सुरु हुँदा त्यस क्षेत्रमा डुबान सुरु भइसकेको छ । विगत १२ घण्टामा सर्लाही क्षेत्रमा १४५ मिलिमिटर वर्षा रेकर्ड भएको छ । महाशाखाले जनाए अनुसार गण्डकी, कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा मधेश र कर्णाली प्रदेशका एक दुई स्थानमा ठुलो वर्षाको सम्भावना रहेको जनाएको छ ।

वर्षा हुने स्थानमा बाढी, भू-क्षय, पहिरो तथा गेग्र्यान बहावको उच्च जोखिम रहेकाले सतर्कता अपनाउन भनिएको छ । सहरी तथा तराई क्षेत्रमा डुबान हुँदा बस्तीहरू उच्च जोखिममा रहनुका साथै ठुला तथा साना नदीनाला र खोलामा बहावको सतह बढ्ने हुँदा आवश्यक सतर्क रहन सुझाइएको छ ।

सो क्रममा दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकाले आवश्यक पूर्वतयारी गर्न पनि सरोकारवाला निकायहरूलाई अनुरोध गरिएको छ ।

वर्षाको क्रमसँगै नेपालका सानाठुला नदीको बहाव उच्च बन्ने भएकाले नदी तटीय क्षेत्रमा थप सावधानी अपनाउन भनिएको छ । सो क्षेत्रमा भौतिक पूर्वाधारका काम भइरहेको भए रोक्न अपिल गरिएको छ । नदीमा बहाव बढ्ने भएकाले डुबान, कटान तथा बस्तीमा पस्न सक्ने क्षेत्रमा सावधानी अपनाउन बाढी पूर्वानुमान महाशाखाले जनाएको छ ।

मनसुनी वर्षाबाट आइपर्ने विपत्बाट जनधनको क्षति रोक्न गृह मन्त्रालय र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उच्च रूपमा तयारी थालेको छ । जोखिमयुक्त क्षेत्रका बासिन्दालाई अन्यत्र सार्न प्रदेश सरकारसँग समन्वय भइरहेको प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखेलले जानकारी दिए ।

# मोरङका दुई निजीसहित ३० विद्यालयको नतिजा शून्य

झापा(प्रस) ।एसईईमा मोरङका दुई निजीसहित ३० विद्यालयको नतिजा शून्य आएको छ । त्यहाँ दर्जन बढी विद्यालयवाट एक-एक जनामात्र विद्यार्थी उत्तीर्ण भएका छन् । जिल्लामा १ सय ६९ सामुदायिक र २ सय २५ संस्थागत विद्यालयका विद्यार्थी एसईईमा सामेल थिए ।

शिक्षा समन्वय इकाई मोरङका परीक्षा शाखाका प्राविधिक राजन भट्टराईका अनुसार विराटनगर महानगरपालिकामा दुई निजीसहित ११, ग्रामथान गाउँपालिकाका ५, केरावारका ४, लेटाङका ३, जहदा र बुढीगंगाका दुई/दुई तथा उर्लाबारी, कानेपोखरी र रंगेलीका १/१ विद्यालयको नतिजा शून्य पाइएको छ । विराटनगरका दुई निजी विद्यालय विराट भिक्टोरीया र ग्रिननर्थ प्वाइन्ट बोर्डिङ स्कुलको नतिजा शून्य रहेको भट्टराईले बताए । नजिता शून्य ल्याउने सामुदायिक विद्यालयमध्ये विराटनगरको नाम चलेको जनता नमुना विद्यालय पनि छ ।

भट्टराईका अनुसार त्यसबाहेक विराटनगरका विराट महेन्द्र रात्री मावि, गायत्री संस्कृत मावि, वालमावि जतुवा, शिक्षा सदन मावि, जनता मावि इक्राही, सार्वजनिक मावि बैजनाथपुर, तालीमुल कुरान मावि, जामिया माविको एसईई नतिजा शून्य छ । त्यसैगरी उर्लाबारीको राधिका मावि स्कुलडाँडा, कानेपोखरीका बाल मावि हरकपुर, केराबारी गाउँपालिका अन्तर्गतका सार्वजनिक मावि केराबारी, सरस्वती मावि पाटीगाउँ, रामपुर मावि भोगटेनी र जनकल्याण मावि छन् ।

ग्रामथान गाउँपालिका अन्तर्गतको पब्लिक मावि धनिवनी गाउँ, वाणी मावि सिध्राहा, वीरेन्द्र मावि झोराहाट, गणेश मावि धोवियारी, बुध्देश्वर मावि बुधनगर, सार्वजनिक मावि सिसवनी जहदा, नारायण मावि डंग्राहा, जनप्रिय मावि टंकी, जनता मावि आमतोला रंगेली, साम्मा मावि भोगटेनी, भोगटेनी मावि भोगटेनी र लक्ष्मी मावि बारङ्गीको नतिजा शून्य रहेको भट्टराईले जानकारी दिए ।

मोरङका सामुदायिक र संस्थागत गरी ३ सय ९४ विद्यालयका १७ हजार ५ सय ४५ परीक्षार्थीमध्ये ५३.२९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । तीमध्ये विभिन्न पाँच निजी विद्यालयका ८ जनाले ४ जीपीए ल्याएका छन् ।४ जीपीए ल्याउनेमा विराटनगरको एभरेष्ट वोर्डिङ स्कुलका राजु साह, सुब्रत बराल र कृतज्ञ दाहाल छन । त्यसैगरी सगरमाथा आवासीय विद्यालयका प्रतिभा रौनियार, रेड स्टार बोर्डिङ स्कुल पथरीका सतिश आचार्य र अजय लिम्बू, पशुपति आवासीय विद्यालय उर्लावारीकी अन्वेशा बस्नेत र बुढानीलकण्ठ आवासीय मावि विराटनगरका सिरिन भट्टराई छन् ।

यसअघि लगातार ४ जीपीए ल्याएर अभिभावकको आकर्षण बनेका विराटनगरका सामुदायिक विद्यालयमध्ये पोखरीया उच्च मावि र आदर्श उच्च माविको नतिजा यसपाली पनि सन्तोषजनक छ । आदर्शका अनिलकुमार केवरतले ३.९५ र दिपेशकुमार मण्डलले ३.३७ जीपीएसहित ९३.३७ प्रतिशत विद्यार्थी उत्तीर्ण गरेर सामुदायिकतर्फ जिल्ला प्रथम भएको छ । त्यसैगरी पोखरीया उच्च माविका रिजन मिश्रले ३.८६ जीपीएसहित ८९.३७ प्रतिशत नतिजा ल्याएको छ ।

मोरङमा १७ हजार ५ सय ४५ परीक्षार्थीमध्ये ८ हजार ८ सय ८९ जना अर्थात ५३.२९ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख टंकप्रसाद गौतमले बताए ।

# दुध किसानको भुक्तानी असार मसान्तमा हुने

झापा(प्रस) । राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा. राजेन्द्र यादवले दुध किसानको बक्यौता रकम असार मसान्तभित्र भुक्तानी हुने बताएका छन् ।

किसानले धान दिवस तथा रोपाइँ महोत्सव मनाउने तयारी गरिरहेका बेला दुधबापतको भुक्तानी नपाएकोमा पीडा बोध भएको बताउँदै उनले असार मसान्तभित्र किसानको बक्यौता रकम भुक्तानी गराउन आफ्नो पहल हुने बताए । असार १५ को उपलक्ष्यमा नेपाल डेरी एसोसिएसनले शुक्रबार आयोजना गरेको दही चिउरा खाने



एवं पत्रकार भेटघाट कार्यक्रममा उनले भने, "मेरो प्रयास पूरै रकम भुक्तानी गराउनु नै हो तर सबै नभए पनि ८० प्रतिशत रकम जसरी पनि भुक्तानी गराउने छौँ ।"

दोस्रो कार्यकालका लागि असार ११ गते पदभार सम्हालेका निर्देशक यादवले आफू यसअघि पनि पूरा कार्यकाल बोर्डमा बसेका कारण दुध किसानको समस्या सबै थाहा छ, उनीहरूको रकम भुक्तानी गराउनका लागि आफू लागिपरेको बताए । दुध किसानले डेरी उद्योगीबाट चार अर्ब रुपियाँ पाउन बाँकी छ । त्यसका लागि किसान आन्दोलनमा छन् ।

निर्देशक यादवले किसानले उत्पादन गरेको दुध तथा दुग्ध पदार्थ खपतमा वृद्धि ल्याउन यस खालका कार्यक्रम गरिरहनुपर्ने बताए । दुध तथा दुग्ध पदार्थको खपत बढाउन र किसानले उत्पादन गरेको दुधको बजार प्रवर्धनका लागि बोर्डले काम गरिरहेको बताउँदै उनले स्वदेशी उत्पादनको खपत हुनुका साथै नेपाली उत्पादन दही चिउराले स्वास्थ्यलाई समेत राम्रो हुने बताए ।

पशुसेवा विभागका पशु विकास अधिकृत सीताराम वलीले किसानले उत्पादन गरेको दुध तथा दुग्ध पदार्थ खपतका लागि नेपाल डेरी एसोसिएसनले गरेको मही अभियानलगायत यस्ता खपत बढाउने कार्यक्रमको प्रशंसा गरे । किसान र उद्योगीको सम्बन्ध नङ र मासुको जस्तै रहेको बताउँदै उनले जस्तोसुकै अवस्थामा पनि किसानको उत्पादन उद्योगले सङ्कलन गरी प्रशोधन गर्दै बजारसम्म ल्याउनु उद्योगको कर्तव्य रहेको बताए ।

एसोसिएसनका केन्द्रीय अध्यक्ष प्रह्लाद दाहालले असार १५ मा देशभर करिब ८० लाख लिटर दही खपत हुने गर्छ सोबापत करिब एक अर्ब ४० करोड रुपियाँको कारोबार हुने गरेको बताए ।

## शिवगञ्जमा...

'बेठी' परम्परालाई संरक्षण गर्ने प्रयास गरिएको नेपाली कांग्रेस शिवसताक्षीका सभापति अशोक बस्नेतले बताए । लोप भइसकेको 'बेठी' परम्पराको जगेर्ना गर्न शिवसताक्षी नगरपालिका वडा नम्बर ५ मा नेपाल किसान महासंघले 'बेठी' लगाएर धान रोपाइँ गरेको पार्टीका अर्का नेता मनोज खुलाल कार्कीले बताए ।

'बेठी' लगाएर धान रोपाइँ गरिएको दृष्य युवापुस्ताका लागि अत्यन्तै नौलो र रोचक दृश्य बनेको नेपाली कांग्रेस महासमिति सदस्य भक्ति सिटौलाले बताए । उनले भने ' नौमती बाजा बजाएर असारे भाकामा गीत गाउँदै नाच्दै गरिएको धान रोपाइँ साँच्चै गज्जबको थियो ।' हराउनै लागेको 'बेठी'को संरक्षण गर्नका लागि सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने उनले बताए ।

खेतमा रमाईलो गर्दै धान रोपेको दृष्य नजिकैको बाटोमा आवत जावत गर्नेका लागि कम मनमोहक थिएन । बालबालिकाले पनि हिलो छ्यापाछ्याप गर्दै रमाईलो गरे । धान नेपालको प्रमुख खाद्यान्न बाली र खाद्य सुरक्षाको प्रमुख आधार भएकोले आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिकलगायतको ऐतिहासिकता कायम राख्न पार्टीको सहकार्यमा धान दिवस मनाइएको शिवसताक्षी नगरका सभापति बस्नेतले बताए । धानबालीलाई एउटा बालीको रुपमा मात्र नभई औसत नेपालीको जीवन पद्धतिका रूपमा हेरिएको हुँदा यो कार्यक्रमको ओज महत्वपूर्ण भएको उनको भनाई छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबेले नेपालमा २०६१ सालदेखि असार १५ गतेलाई धान दिवसका रूपमा मनाउन थालिएको बताए । 'कृषि प्रधान हाम्रो मुलुकमा खाद्य सुरक्षाको प्रमुख आधार धान उत्पादनलाई महत्व दिँदै असार १५ लाई धान दिवसका रूपमा मनाउन थालिएको हो 'उनले भने ' आजको दिन अर्थात असार १५ देशका अधिकांश स्थानमा रोपाइँ गरी धान दिवस मनाईन्छ ।' कार्यक्रममा नेपाली कांग्रेसका युवा नेता मनोज खुलाल कार्कीले सहभागीलाई स्वागत गरेका थिए । कार्यक्रम नेपाल किसान महासंघ शिवसताक्षीका सभापति अमृतबहादुर कटुवालको अध्यक्षतामा भएको थियो ।

## वीरता..

बताए । अध्यक्ष बस्नेतको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि नेपाल जेसीजका पूर्वराष्ट्रिय कार्यकारिणी उपाध्यक्ष तथा सामाजिक अभियन्ता विनोद बस्नेत रहेका थिए । कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय तालिम आयुक्त सुयोग खनाल, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्ट, बाह्रदशी जेसीजका महासचिव सञ्जय साहलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा बिर्तामोड-३का वडाध्यक्ष मदन बुढाथोकी, बिर्तामोड खानेपानी संस्थाका अध्यक्ष मेघराज बास्तोला, नेपाल जेसीजका प्रशिक्षक सेवक बजगाँई, प्रवेश दुलाल, महिला मुक्ति अभियानकी अध्यक्ष राधा सुब्बालगायतको आतिथ्य थियो ।महासचिव सुमन पोद्धारले सञ्चालन गरेको कार्यक्रममा कार्यक्रम संयोजक अजय अधिकारीले स्वागत, बसन्त ढकालले आस्था वाचन र जुनियर जेसीजकी निसिम थाम्सुहाङले जेसीआई मिसन भिजन वाचन गरेका थिए ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री कोपिला भण्डारीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री सुकमाया सुब्बाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९० ०४० | १६१५, १६४४ | १६९. ९६ | २०८१/ ०२/२७ | २०८१/ ०२/२७ | २०८१/ ०३/१३ |


# जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश

# हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड





नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## अनुहारको एक्स–रे!

• दिपक घिमिरे



एकाबिहानै चोकतिर देखिन्छ एउटा अनुहार
धुमिल-धुमिल, मैलो
सेतो र कालो मिश्रित दारी
त्यो दारीसँगैको उसको जिम्मेवारी
सन्तान पाल्नुको
वृद्धावस्थाको बा-आमाको हेरचाह गर्नुको
यो देश कहाँनेर पस्यो थाहा छैन उसलाई
जिम्मेवारीको तातो पन्यूले उसलाई कहाँ डस्यो थाहा छ
उसलाई यो देश कहाँनेर फस्यो थाहा छैन
ऊ पासपोर्टसँगै कहाँ फस्यो थाहा छ
हेर उसका सुकेका हातका नसाहरू
फुकेका आँखीभौँहरू
सेता र काला सर्लक्कै छुट्टिएका उसका टाउकाको कपालहरू
तिर्खाको प्यास मेटिन्जेलसम्म पनि उसले पानी पिएन कि
गर्तमा फसेपछि उम्कन नसकेको बिचरो ऊ हात्ती हो
लामा-लामा पाइला चाल्दै चाल्दै ऊ हिँडिरहन्छ, कुदिरहन्छ
ऊ हिँडिरहँदा, कुदिरहँदा सम्झँदो हो बिग्रिएको गत
अझ धेरै बिग्रँदै गएको वर्तमान, अन्योलको भविष्य
देशमा नदेखेको भविष्य विदेशमा कहाँ देखिँदो हो
देशमा नसकेको कर्म विदेशमा कहाँ सक्दो हो
देशमा नसकेको आँट विदेशमा कहाँ सक्दो हो
झिमिक्क आँखा झिम्क्याउँदा कहाँ घरदेश बिर्सिन सक्दो हो
थकित भएर बिस्तरामा ढल्किँदा पनि उसले सम्झँदो हो यतैयतै
'छोडी जाऊ पन्छी हेर मेरो यादको खबर कतै
पर्खी बस्ने परिवार विचलित नहुन मझैँ'
यही भनी सुसाइरहँदो होला मनका गीतहरू
उसका उमेरका प्रीतहरू
प्रेमिल प्रेमिकाहरू
कठै भाग्यसँगको पौठेजोरी गर्दा गर्दै
थाकेका उसका हातका नङ्गाहरू
चिसिएका निधारहरू
बिग्रेको निद्राहरू
एकाबिहान झस्कँदो हो
हरेक साँझ टोलाउँदो हो
घामसँगै उदाउँदो होला
घामसँगै डुब्दो होला
चिन्तनदेखि चितासम्म
सँगसँगै जीवनसँगै
संघर्षसँगै
अनि यतै कतै यस्तै-यस्तै
सबैसँगै
आफैसँगै
माटोसँगै
जाने बाटोसँगै।

---

## घरको चिन्ता !

• सुरेश तिमल्सिना



सहरमा भएको हाम्रो जीउ पाल्न
गाउँमा धानको बिउँ राखेर
बर्खा कुरिरहेकी मेरी आमालाई
आकाश नगडगडाएसम्म निद्रा लाग्दैन
यता मलाई आकाश गडगडाएपछि निद्रा लाग्दैन।

जब गाउँमा बिजुली गएको खबर पाउँछु
तब म आत्तिन थाल्छु
भित्रभित्रै मेरो मन तातिन थाल्छ
मलाई पहिरोको चिन्ता छ
आमालाई पहेँलो धानको
उनलाई मेरो ज्यानको
मलाई उनको ज्यान र उहीँ घरको थामको।

यो सहर उज्यालो भए पनि
आकाशमा देखिएको कालो मुस्लो बादलले
यहीँ सहरमा कतै थन्किएको मसँगै मेरो मन
आजभोलि डराउन थालेको छ
यता पो मेरो कोठामाथि ढलान, ढलानमाथि छत छ
तर पनि मेरो मन उहीँ गाउँमा जस्ताले छाएको
छानो सम्झिँदै हर रात पीडाले छटपट छ
घरमा छानो त छ
छानो जोगाउन केही काठको थाम छ
तर त्यहीँ थामले कति बर्खा घर धान्छ?

# बुवाको साइकल !



• शेरजंग बहादुर चन्द

सानो छँदा मलाई साइकल चलाउन असाध्यै मन पर्थ्यो तर मसँग साइकल थिएन। मेरो बुवासँग साइकल थियो वा साथीसँग मात्र साइकल थियो, यो कहानी प्रायः सबै बालकको हुनसक्छ तर मेरो साइकलको कहानी पूरै फरक छ।

मेरो बुवाको हिरो जेट ब्रान्डको २४ इन्चको अलि ठुलो साइकल थियो। करिब १५/१७ वर्ष पुरानो बुवाको त्यो साइकल एक/दुई महिना पहिले मात्रै किनेको जस्तो देखिन्थ्यो। बुवाको एक गज्जबको बानी थियो, जतन र सरसफाइ। त्यही कारण बुवाको साइकल एकदम नयाँ देखिन्थ्यो। बुवा बिहानीपख साइकल चलाउनुभन्दा पहिले सानो बासको लट्ठीमा पुराना कपडाहरूका टुक्रा बाँधी बनेको झुप्पोले साइकलको सरसफाइ गर्नुहुन्थ्यो अनि प्रयोग गरिसकेपछि पनि। त्यो साइकल कुनै ठाउँमा ठोक्किएको वा कोरिएको थिएन। यहाँसम्म कि साइकलमा लागेका स्टिकरहरू पनि लगभग जस्ताको त्यस्तै थिए।

बुवाको साइकल जतन र सरसफाइको उदाहरण हाम्रो गाउँभरि मात्र नभई १५ किलोमिटर टाढा भारतीय सिमाना बजारसम्म थियो। कहिलेकाहीँ बुवा हतारमा भएका बेला त्यो साइकल पुछ्ने जिम्मा मेरो हुन्थ्यो तर मभन्दा करिब ४/५ वर्ष नै जेठो साइकललाई मेरो सरसफाइ मन पर्थ्यो कि



पर्थेन थाहा भएन तर बुवालाई कत्ति पनि मन पर्थेन र गाली खानु पर्थ्यो।

यो त थियो बुवाको साइकलको भौतिक विशेषताहरू तर मसँग बुवाको साइकलको फरक नाता थियो, त्यो हो मानसिक। बुवाको साइकल र मेरो मानसिक नाता अचम्मको थियो। बुवाको साइकल जबसम्म घरमा देखिन्थ्यो तबसम्म म अनुशासित हुन्थेँ। खेल्न जाने समयभन्दा पहिले निस्कँदैन थिएँ, बिहान उठ्ने समयमा उठिसक्थेँ। राति सुत्ने समयमा सुतिसक्थेँ वा पहिले सुत्दिन थिएँ। किनकि बुवाको साइकल बुवासँग मात्र घर बाहिर जान्थ्यो वा भन्नु पर्दा साइकल घरमा हुँदा बुवा घरमै हुनुहुन्छ भनी बुझ्नु पर्थ्यो।

बुवाको समय सारणी गज्जबको थियो। बिहान ढिलोमा ५ बजे उठ्नु पर्ने अनि राति ढिलोमा १० बजे। यस बिचमा बिहान स्वास्थ्यका लागि २ घण्टा खेतमा काम गर्नुपर्ने, १ घण्टा जति पढ्नु पर्ने र विद्यालय जानुपर्ने हुन्थ्यो। बेलुकी विद्यालयबाट फर्केर १ घण्टा खेल्नुपर्ने, १ वा २ घण्टा कामको छाप हेरेर खेतमा काम गर्नुपर्ने, घरमा सन्ध्याकालीन अनिवार्य आरती गर्नुपर्ने र आमाले खाना नपकाउँदासम्म पढ्नु पर्ने।

बुवाको साइकल घरमा देखिनु भनेको बुवा घरमै बस्नु भएको प्रतिबिम्बित हुन्थ्यो। जब घरमा साइकल हुन्थ्यो बुवा घरमा हुनुहुन्थ्यो भन्ने बुझिन्थ्यो। विद्यालयबाट घर आउँदा बाटोबाटै मेरो पहिलो नजर बुवाको साइकल राख्ने ठाउँतिर पुग्थ्यो। यदि साइकल घरमा हुन्थ्यो भने मन भारी हुन्थ्यो र मेरो जीउ डाल अनि छाल नै अनुशासित हुन्थ्यो। यदि साइकल नै हुन्थेन भने म प्रफुल्ल मुद्रामा फरक तरिकाले घर छिर्थेँ।

बुवाको साइकल घरमा नहुँदा हामी भाइबहिनीको समय सारणी नै फरक हुन्थ्यो। हाम्रो समय सारणीमा कुनै बन्देज हुँदैन थियो र त्यो समयअनुसार चल्थेन। बुवाको साइकल नभएको बेला समय आफ्नोअनुसार चल्थ्यो अनि हामी आफूअनुसार। जसका कारण १० बजे सुत्नु पर्ने हामी कहिले ८ त कहिले कुरा गर्दा गर्दै १२ बजे सुत्ने गर्थैं। जसका कारण विद्यालयमा ढिला पुग्ने, गृहकार्य नगरेकोमा शिक्षकको गाली खाने, काम समयमा नहुने जस्ता धेरै समस्या झेल्नु पर्थ्यो।

वास्तवमा भन्नु पर्दा बुवाको साइकल घरमा हुनु हामी अनुशासनमा बस्नु हुन्थ्यो। बुवाभन्दा पनि बुवाको साइकल आफ्नो ठाउँमा भए हामी अनुशासित आफै हुन्थैं। विद्यालयबाट आउँदा साइकल देखेपछि म बुवाको मुड कस्तो छ भनी दिदी दाइहरूलाई सोध्थेँ। बुवा के गर्दै हुनुहुन्छ, खेतमा हुनुहुन्छ कि कता प्रश्नमाथि प्रश्न सोधेर म बुवाको अनुसार आफूलाई ढाल्थेँ र सिकाएको कामअनुसार हिँड्ने कोसिस गर्थैं।

अस्ति म बेलुकी घरमा विश्व कप क्रिकेट हेर्दै थिएँ र श्रीमतीज्यू भान्सामा खाना बनाउँदै थिइन् र हाँस्दै मलाई एक कुरा शेयर गर्न थालिन्, 'हजुरको छोरा घर आउँदा हजुरको कार छैन भनेर खुसी हुन्छ अनि उसको चाल नै फरक हुन्छ अनि ल्यापटप हेर्ने कुरा गर्न थाल्छ। कार देख्दा दुखी भएर घर छिर्छ।'

यो सुन्दा मलाई केही याद आएन, सिधै बुवाको साइकल देख्न थालेँ, सोच्न थालेँ। बुवाको त्यो साइकल झल्याँस्स याद आयो अनि आफूलाई १०/१२ वर्षको त्यही बालक सम्झिएँ। एकछिन टोलाएँ, कानले सुन्न छोड्यो खालि टुँको आवाज मात्र आयो।

१०/१५ मिनेट पहिले मात्रै ल्यापटप हेरिरहेको छोरालाई गाली गरी पढ्न पठाएपछि बुढीले यो कुरा बुवादेखि छोरा डराउने भनी तीर हान्ने रूपमा भनेको मैले आभास गरैं। मेरो दिमागमा छोरा पनि मजस्तै बुवादेखि डराउने भयो कि भन्ने लाग्यो अनि खुसुक्क अध्ययन कोठातिर गएँ र छोरी र छोराको गन्थन लुकेर सुन्न थालेँ।

ऊ आफ्नी दिदीसँग बिस्तारै कुरा गर्दै थियो। भित्रबाट आवाज आउँदै थियो- 'बाबा आज याङ्री मुडमा होइसिन्छ। आज त पूरा होमवर्क नगरेर बाहिर निस्कन्न पाइन्न दिदी।'

बाहिर आएर सोचेँ, कतै म छोराछोरीलाई बढी दबाबमा राख्दै छु कि! तर अनुशासित बनाउन सबैका बुवाले यत्ति त गर्नुपर्छ नै, मैले पनि गरैं। जीवनमा पछि मेरा छोराछोरीले मेरै जसरी बुवालाई अनुशासन सिकाउन त्यस्तो गरेको हो भनी मलाई सकारात्मक रूपमा याद गर्नेछन् भनी ढुक्क भए र छु पनि।

# वैकल्पिक प्रेमी !



• हुमाकान्त बेलबासे

भर्खर उठेर बिहानको नित्यकर्म सकेर यत्तिकै बसिरहेको थिएँ। त्यसै बेला एलिसाको फोन आयो। मैले भनेँ, 'आज त यति छिटै पुन्टुलाई मेरो याद आएछ।'

उनले भनिन्, 'तपाईंसँग एउटा कुरा गर्नु छ।'

'के हो भन न त।'

'हिजो म चिना देखाउन रम्भा गएकी थिएँ अनि त्यहाँ चिना हेर्ने मान्छेले तिम्रो बिहे त अस्ट्रेलिया वा अमेरिका भएको केटासँग हुन्छ भनेको छ।'

म विदेश नै नजाने सोच बनाएको मान्छे कहिले अस्ट्रेलिया जाने भएँ? फोन राखिसकेपछि म गहिरो सोचाइमा परेँ। विदेश जाने सोचै गरेको छैन मैले। हुन त के थाहा, भाग्यमा अस्ट्रेलिया जान पो लेखेको रहेछ कि! अमेरिकातिर सेटल हुन लेखेको पो रहेछ कि! अहो! रमाइलो पो हुने भयो त भनेर मक्ख परेँ। अनि दिउँसो ड्युटीतिर लागेँ। हप्तामा १/२ पल्ट भौतिक रूपमा भेटघाट पनि हुन्थ्यो। फोनमा त हाम्रो दिनमा ५/७ पल्ट जसो कुरा भइरहन्थ्यो।

उनको र मेरो सम्बन्ध सुरुवात त्यस्तो फिल्मी थिएन। स्नातक अध्ययनमा तानसेन बस्दा मसँग एक जना श्याम दाइ बस्नुहुन्थ्यो। त्यही त हो केटाहरू सँगै बस्दा, उहाँले आफ्नो प्रेमिकासँग कुरा गरिरहनु हुन्थ्यो। उहाँका प्रेमिल गफबाट लोभिएको मैले कुरैकुरामा एक दिन मलाई पनि मिलाइदिनु न एउटी भनेको थिएँ।

दाइले भन्नुभयो, 'मेरी एउटी बहिनी पर्ने छ, कुरा गर्छौ र राम्रो सम्बन्ध राख्छौ भने ठिकै छ, फोन नम्बर लिग।' मैले उहाँसँग फोन नम्बर लिएँ। म अलि सोझो थिएँ। फोन नम्बर लिएको दुई/तीन दिनपछि एकपल्ट फोन गर्नका लागि फोन उठाएर डायल अप्सनसम्म त पुगेँ तर त्योभन्दा अगाडि बढ्ने हिम्मत भएन। ह्या के भनेर फोन गर्नु भनेर बसेँ।

एक दिन श्याम दाइ घर जानुभएको थियो, कोठामा म एक्लै थिएँ। एलिसालाई मिसकल गरेँ, केही रेस्पोन्स आएन। भोलिपल्ट फेरि मिसकल गरेँ। दुई दिनसम्म लगातार मिसकल गरेपछि कल ब्याक आयो। मैले उठाइनँ। त्यही दिन बेलुका हिम्मत जुटाएर फोन गरेँ, 'बिहान यो नम्बरबाट मिसकल आएको थियो, को बोल्नु भएको होला?'

'यो त मैले सोध्नुपर्ने, अस्तिदेखि लगातार मिसकल आइरहेको थियो। त्यसैले गरेकी।'

'तपाईं प्रतिमा होइन र?'

'होइन म एलिसा हुँ।'

'नम्बरमा अलिकति दुबिधा थियो, अन्तिमको नम्बर ४ कि ५ भनेर, प्रतिमालाई गर्न खोजेको हजुरलाई गएछ। तर जे भयो राम्रै भयो। हजुरको बोली साह्रै मिठो रहेछ। कुरा गरेर धेरै खुसी लाग्यो।'

दुई दिनपछि फेरि फोन गरेँ, 'मिठो बोली फेरि सुन्न मन लाग्यो। कुरा गर्न सक्छु?'

'भन्नोस् न त।'

'खाना खानु भयो? के गर्दै हुनुहुन्छ नि?'

लगभग पन्ध्र दिनपछि त अनलाइनबाट पनि हाई हेल्लो सुरु भयो। उनको फोटोमा लभ रियाक्ट गर्नु, शुभ प्रभात र शुभ रात्रिका सन्देश पठाउनु सामान्य हुन थाल्यो।

उनीसँग कुरा हुन थालेको लगभग तीन महिनापछि उनले नै फोन गरिन्।

'अहो! आज त अचम्म भयो त। कहिल्यै फोन नगर्ने मान्छेले पनि फोन गरे त। तपाईंलाई पनि मेरो माया लाग्न थाल्यो क्या हो?'

उनले भनिन्, 'सुन्नु न, तपाईंको विद्यार्थीलाई मैले तपाईंको बारेमा सोधेकी थिएँ नि! मेरो बेस्ट टिचर भन्दै थिए।'

सायद यो घटनापछि उनी मसँग अलि बढी प्रभावित हुन थालिन्। म्यासेजको पनि रिप्लाई नगर्ने उनी बल्ल आफै म्यासेज गर्न थालिन् र कहिलेकाहीँ उतै बाटो फोन पनि। उनको घरनजिकको एउटा निजी स्कुलमा मैले अध्यापन गर्दथेँ। उनको घरनजिकका विद्यार्थीहरू मैले अध्यापन गर्ने विद्यालयमा पढ्न आउँथे। उनले बेलुकामा ट्युसन पढाउँदी रहिछन्। उनले त्यस्तै अवसर पारेर मेरो बारेमा पनि सोध्दी रहिछन्। कस्तो पढाउनुहुन्छ? के गर्नुहुन्छ भन्ने कुरा पनि गर्दी रहिछन्। एक दिन कक्षामा विद्यार्थीले मलाई पनि सोधे, 'सर, एलिसा दिदी तपाईंको को पर्नुहुन्छ?'

यस्तैमा होली आयो अनि म त्यो दिन उनलाई फोन पनि नगरी सिधै उनको घरनजिकै गएर फोन गरेँ। टीका लगेको थिएँ, गालामा दुवैतर्फ टीका लगाइदिएँ। त्यसपछि होलीको शुभकामना दिएर भेटको लागि आभार प्रकट गर्दै खुसीसाथ कोठामा फर्किएँ। यही नै हाम्रो पहिलो भेट थियो। यसको भोलिपल्ट नै हो मैले उनलाई प्रस्ताव गरेको।

त्यति बेलादेखि नै हाम्रो भेट बाक्लिएको थियो। कहिले मेरै कोठामा, कहिले श्रीनगर र टुँडिखेलका चौरहरूमा त कहिले उनको कलेज र घरको बाटोमा। मैले उनको घरका अरू सदस्यहरूको बारेमा र उनले मेरो घरका अरू सदस्यको बारेमा कुराकानी गर्न थाल्यौँ। यस्तैमा उनले मेरो ममीसँग र दिदीहरूसँग पनि कुराकानी गर्न थालिन्। उनले मेरो ममीसँग र दिदीसँग कुराकानी गरेको दिनदेखि म उनीसँग पूर्ण विश्वस्त भएको थिएँ। उनले मलाई माया नगर्ने भए उनले मेरो ममी र दिदीहरूसँग कुरा गर्ने चाहना पक्कै पनि राख्ने थिइनन्।

ख्यालख्यालैमा जोडिएको सम्बन्ध जीवनको एउटा उत्कर्षमा थियो। उनकै मायामा बाँकी जीवन बित्नेमा म ढुक्क थिएँ। उनीसँग अनगिन्ती सुखद पलहरू जोडिएका थिए। हाम्रो कुरा हुन थालेको करिब दुई वर्षपछि हो उनले मलाई मेरो बिहे त अस्ट्रेलिया भएको केटासँग हुन्छ रे भनेको।

'त्यस्ता ज्योतिषले जे पनि भन्छन्, अब एक वर्षमा म पनि सेटल्ड भइसक्छु अनि बिहे गर्नुपर्छ,' यही भनेको थिएँ।

सम्बन्धका बारे सम्झेर पनि मक्ख हुन्थेँ। उनले मेरा बारे राख्ने चासो र केयरले गर्व लाग्थ्यो। भेटेर र फोनमा कैयौँ घण्टा बात मारिन्थ्यो। भविष्यको सुखद कल्पनामा रमाइन्थ्यो। उनीमाथि भुलेर पनि शङ्का गरिएन।

ज्योतिषीलाई देखाएको घटना सुनाएपछि लगभग तीन महिनापछिको कुरा हो। हाम्रो भेट भएको तीन दिन पनि बितेको थिएन। उनले मलाई टुँडिखेल नजिकैको क्याफेमा भेट्न बोलाइन्। यसपालि उनको साथमा उनकी साथी अञ्जली पनि थिइन्। उनको मुख मुद्रा अलि गम्भीर थियो। केही बेरको प्रेमालापपछि उनले प्रसङ्ग बदलिन्।

'मेरो दाइ र मम्मी हिजो चिना देखाउन जानुभएको थियो। तपाईंको बारेमा पनि सोध्नु भएको थियो। मैले सबै बताएकी थिएँ। तर ज्योतिषले हजुर र मेरो नाम, जन्म मिति हेरेर यिनीहरूको बिहे हुँदै हुन्न, तपाईंहरूले जबरजस्ती गरिदिनुभयो भने एउटाको अवश्य मृत्यु हुन्छ। यी दुईलाई छुटाउनुमा नै दुवैको हित हुन्छ भनेको छ रे!' उनले मेरो हात समाएर रुँदै भनेकी थिइन्।

'के त? त्यस्ता ज्योतिषले के-के भन्छन् भन्छन्,' मैले हल्का रूपमा लिएँ।

'कहाँ हुन्छ? त्यो ज्योतिषले पहिला यस्तै धेरैको पुऱ्याएको छ रे। मम्मीले र दाइले यस्तो जान्दा जान्दै पनि मानिनस् भने हामीलाई मम्मी, दाइ केही भन्नुपर्दैन। जे गरे नि गर् भन्नुभएको छ। माफ गर्नुहोला, सम्बन्ध राखेर पछि हजुरलाई नै केही अप्ठ्यारो भयो भने। कृपया हामी अलग हुनै पर्छ।'

त्यसपछि के जवाफ दिएँ, कसरी कोठामा पुगेँ केही थाहा छैन। सम्झिएँ, यो घटना त दोस्रो प्रहार पो थियो। अस्ट्रेलिया भएको केटासँग मेरो बिहे हुन्छ रे भन्ने पहिलो। सायद म विकल्पको पनि अन्तिम प्राथमिकतामा थिएँ। अस्ट्रेलियाको पिआरवाला छोडेर कसले गाउँले मास्टरलाई रोज्छ र!

# तराईको जल संचयमा चुरेसित गाँसिएको सत्य



• द्रोण अधिकारी गुयेली

पछिल्ला केही वर्षयता तराईका अधिकांश जिल्लाहरूमा भूमिगत पानीको तह घट्दा चापाकलमा सुख्खा समयमा पानी आउन छाडेको छ। सामान्यतया तराईका अधिकांश स्थानमा ३० फिट गहिराईमै चापाकाल चल्ने गर्दथे तर, अचेल ६० फिट गहिराईबाट पानी निकालेका चापाकलमा पनि हिउँदको समयमा पानी निस्कन निकै कठिनाई परिरहेको छ । खासगरी मधेश प्रदेशका सप्तरीदेखि पर्सासम्मका अधिकांश क्षेत्रमा सुख्खा समयमा चापाकल सुक्ने समस्या हरेक वर्ष बढिरहेको छ । यस समस्याको प्रमुख कारक चुरे दोहन भएको विज्ञहरूले बताइहँदा पनि त्यस आसपासका बासिन्दाले पत्याएका थिएनन् । बिस्तारै उत्तरबाट देखिएको पानी सुक्ने समस्या दक्षिणतिर विस्तार भएसँगै मधेश प्रदेशका बासिन्दामा आफ्नो भूमि मरूभूमिकरणतिर गएको त होइन ? भन्ने प्रश्नले झकझक्याएपछि चुरे बचाउनु पर्छ भन्ने भावना विकास हुँदै गयो । यस भावनाले देशव्यापी विस्तार हुन भण्डै एक दशक समय गुजार्नु पर्ने अवस्था आयो ।

तराईमा त चुरे बचाऔं भन्ने नारा घुमिरहेकै थियो तर, सुन्ने र बुझ्ने नेतृत्व मधेशमा नभेटिएपछि मधेश प्रदेशमा पानीको हाहाकार भयो भन्दै केही व्यक्ति रित्ता बाल्टी बोकेर सिंहदरवार घुमिरहेका छन् । उत्तरी क्षेत्रमा रहेको चुरे पहाड दोहन भएकै कारण तराईमा पानीका मुहानहरू सुक्दै गएका हुन् भनेर शासकलाई बुझाउन रित्ता बाल्टी राजधानीमा प्रदर्शन गरिएका हुन् । विगतमा चुरे पहाडमा रहेको घना जंगल तराईका ठूलाठालु भनाउँदाहरूले गिरोह निर्माण गर्दै जंगल रित्तो बनाएका थिए भने पछिल्ला वर्ष चुरेको गिट्टी बालुवा दोहनमा पनि तिनै गिरोह सकृय छन् । आज मधेशको पानी समस्या चुरे दोहनसित जोडिएको थाहा पाएपछि केही व्यक्ति चुरे दोहन रोकिदिन सरकारसित हारगुहार गरिरहेका हुन् तर, चुरे बचाउ आन्दोलनमा लागिरहेकाहरूले बिर्सिएको कुरा केहो भने उनीहरूले नै ठूला बनाइदिएका नेताकै संरक्षणमा निरन्तर चुरेमाथि अतिक्रमण भइरहेको छ । तराई मधेश आन्दोलनका नाममा शक्तिशाली भएका नेताहरूले नै मधेश प्रदेशलाई मरूभूमिकरण गर्दा पनि अन्धभक्त तराई मधेशका बासिन्दाले उनीहरूबिरूद्ध आवाज उठाउन सकेको अवस्था छैन । काठमाण्डौमा कराउँदैमा चुरेको चित्कार रोकिने छैन किनभने चुरे दोहन गरेर काठमाण्डौको राजनीतिमा उचारचढाव ल्याउन तिनै दोहनकर्ता सफल भइरहेका छन् । पैसा र पहुँच बनाएका दोहनकर्ता राजनीतिमा पनि हर्ताकर्ता भएर बाहिर आवरणमा असल मान्छेको छाप छोडिरहेकै छन् । रित्तो बाल्टीले कसरी न्याय पाउँला त ? बिस्तारै यो समस्या सुदूर पूर्वदेखि सुदूर पश्चिमसम्म फैलदै गइरहेको भए पनि चुरेमाथिको दोहन रोक्न राज्य पक्ष जिम्मेवार देखिदैन ।

हरियाली जिल्लाको परिचय बोकेको झापालाई मात्र नियाल्ने हो भने सुदूर पूर्वी जिल्ला कुनै बेला जंगलको राजधानीका रूपमा परिचित झापा अहिले चुरे तथा चारकोशे झाडीको अवशेषबाट काठको अवैध तस्करी भइरहेको जिल्लामा परिचित हुँदै गइरहेको छ। उत्तरी झापा तथा दक्षिणी इलाममा अवस्थित चुरे पहाड वन जंगलको हरियाली लिएर समथल झापाली माटोमा पानीको श्रोत पठाइरहेको छ । यस क्षेत्रको संरक्षण गर्ने जिम्मा वन समिति, डिभिजन वन कार्यालय, प्रहरी प्रशासन जस्ता वन रक्षाको जिम्मेवारी लिएका निकाय भए पनि नियामक कार्यालयको विवरण हेर्दा झापामा हरेक वर्ष काठ तस्करी बढिरहेको देखाउँछ। दिनानुदिन जंगल मासिदै जानुमा तस्करीमा माथिल्लो तहसम्म पहुँच बनाएका वनसम्बद्ध व्यापारिक गिरोह सहभागी भएर तस्करी गरिरहेका छन् । तर, पनि कामदार तथा तल्ला स्तरका ज्यामी मजदुर मात्र काठ तस्करीको आरोपमा पक्राउ पर्ने गरेको पाइन्छ। पहुँचवाला तस्करको ठूलो परिमाण वा रकमको काठ र सवारीसाधन पक्राउ परे लेनदेनमा बिच बाटोमै मिलाएर छोडिने घटना हुने गरेको प्रहरी प्रशासनलाई निरन्तर आरोप लाग्ने गरेको छ। हावा नचली पात हल्लिदैन भनेझैं त्यस्ता घटनामा प्रशस्तै शंका गर्ने ठाउँहरू देखिन्छन् । त्यस्ता ठाउँहरूका प्वाल टाल्न सरकारी निकायले कुनै प्रयास गरेको पनि देखिदैन ।

प्रहरीले पक्राउ गरेको काठ तथा ओसार पसारमा संलग्न सवारीसाधन र मानिसलाई वन डिभिजनमा बुझाउने गरिन्छ । वन कार्यालयले नै मुद्धा अभियोजन गरेर कानुनी प्रकृयामा ल्याउने गर्छ । वनले अभियोजन गरेको मुद्धामा कति बलियो प्रमाण राखिएको छ, त्यही आधारमा अदालतबाट मुद्धा किनारा लाग्दा वन मास्नेले सजाय पाउने अवस्था छ। वन मुद्धा टुंगिन समय लाग्ने कारण पक्राउ परेका काठ र सवारीसाधन बिग्रने अवस्थामा पुग्दा त्यसबाट राज्यलाई खासै राजश्व संकलन हुने अवस्था रहँदैन । काठ तस्करीमा प्रयोग गरेका ती सवारीसाधन कार्यालयका परिसरमा बर्षौंदेखि रहने गरेका छन् । कामै नलाग्ने अवस्थामा पुगेका ट्रक, पिकअप, ट्रयाक्टर, मोटरसाइकल, साइकललगायतका सवारीसाधनलाई कार्यालय परिसरमै झारजंगलले ढाकेको अवस्था छ। पक्राउ परेका सवारीसाधन वन कार्यालयमा थन्किएसँगै राज्य कोषमा जम्मा हुने लाखौं राजश्वसमेत गुम्ने गरेको छ । नीतिगत व्यवस्था सरल र सहज नहुँदा पक्राउ परेका सवारीसाधन कवाडी बन्ने अवस्था आएपनि राज्य संबद्ध पक्षले नीतिगत सुधारमा चासो राखेको पाइदैन । काठसहित नियन्त्रणमा लिइएका सवारीसाधन लिन सवारी धनी मुद्धामा फसिने डरले वन कार्यालयमा सवारीसाधन दावी गर्न आउन सक्दैनन् । यसैकारण वर्षौंदेखि वन कार्यालय परिसरमा काठसहित सवारीसाधन अलपत्र छन् । कार्यालय परिसर वरपर पर्याप्त ठाउँ नहुँदा सडक छेउमा राखिएका सवारीसाधनले सडक समेत अतिक्रमण गरिरहेको देखिन्छ। हजारौं क्युफिट काठ सवारीसाधनमाथि नै सडिएर गइरहेका छन् । झापामा पक्राउ परेका काठमध्ये ८० प्रतिशत बढी उत्तरी क्षेत्रमा रहेको चुरेबाटै अवैध कटानी गरेर झापा हुँदै भारतीय क्षेत्रमा बेच्न ल्याइने क्रममा पक्राउ पर्ने गरेको पाइन्छ। भेटिएका वा देखिएका बाहेक ठूलो परिमाणमा चुरेको वन फडानी भइरहेको छ । चुरे दोहनका कारण विस्तारै तराईको पानीको मुहान सुक्दै छ भने थोर बहुत रहेको जंगल संरक्षण गर्न सरकारलाई हम्मेहम्मे परिरहेको छ । वन मुद्धा प्रकृया झन्झटिलो छ भने तस्करहरू लेनदेन मिलाएर मुद्धामा नपुग्ने गरी बिच बाटोबाटै भागिरहेका छन् । मेचीदेखि महाकालीसम्मको चुरे पर्वत श्रृङ्खला बचाउन सवै पक्ष एक हुनै पर्छ। उत्तरको चुरे पहाडले दक्षिणको तराई मधेशका समथल जमिनलाई उर्वर बनाएर राखेको छ । त्यसैकारण पनि चुरे दोहन रोक्न सवै पक्ष लाग्नै पर्छ। केही व्यक्तिले कमाइखाने भाँडो बनाएको चुरे पहाडका वन संरक्षित भएनन् भने आउँदो पुस्ताले यहाँको सुन्दरता पुस्तकमा बढ्ने बाहेक केही अनुभूति गर्न पाउने छैनन् । चुरेमा राज्य पक्षले ढुंगा, गिटी र बालुवा उत्खनन् का नाममा नीतिगत दोहन बढाइरहेको छ । जंगल तस्करले सके होलान् तर पहाडको अवशेष स्थानीय, प्रदेश र संघीय सरकारमा बस्नेहरूले उत्खनन्को नाममा कानुन बनाएरै सक्ने अवस्थाको संकेत मिल्दै छ । चुरेमा मुहान भएका अधिकांश खोला तथा नदीबाट क्षमताभन्दा बढी ढुंगा, गिटी र बालुवा निकाल्दा ती खोलाबाट पानीको परिपूर्ति गर्ने र जीवन धान्नेहरूले पानीको सतह नै नभेट्ने अवस्था आइसकेको छ । जैविक पारिस्थितिक प्रणालीमा नराम्ररी असर परेकै कारण अनावृष्टि, अतिवृष्टि र खण्डवृष्टिका लक्षण समेत चुरे आसपासमा देखिन थालिसकेको छ । जसको प्रत्यक्ष असर रैथाने प्रजाति लोप भएर आयातित प्रजाति फैलदै जाने संकेत देखिन थालेको छ। धेरैले चुरे पहाडलाई सुख्खा पहाडका रूपमा हेरे । तर, चुरे पहाड उर्वर तराईको जल र मलको श्रोत हो भन्ने थाहा नै नपाएका कारण यसको विनासमा लम्केका हुन सक्छन् । चुरेका रूख काट्ने, जथाभावी ढुंगा, गिटी र बालुवा झिक्ने काम नरोकिने हो भने उर्वर भनिएको तराई मधेश छिट्टै मरूभूमिस्थल बन्ने छ । अव चुरेमाथिको क्षति रोक्न नीतिगत रूपमा राज्य कडा हुनै पर्छ। पहिलो जिम्मेवार स्थानीय सरकार हुने हो भने दोहनको ८० प्रतिशत हिस्सा समाप्त हुन्छ। दोहनको बाँकी २० प्रतिशत हिस्सा रोक्न प्रदेश र संघीय सरकार लाग्नु पर्ने हुन्छ। जल, जमिन र जंगलको प्राकृतिक सम्बन्ध जोगाउन पनि चुरेको संरक्षण अपरिहार्य छ।

# पहिरोमा परी गुल्मीमा ५ जनाको मृत्यु

झापा(प्रस)। अविरल वर्षापछि आएको पहिरोले गुल्मीमा ५ जनाको मृत्यु भएको छ।मालिका गाउँपालिका-६ अर्जे, ठाँटीस्थित भेषबहादुर विकको घर पहिरोले घर पुरिँदा ५ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख एसपी राजन भुजेलले बताए ।

मालिका ६ का वडाध्यक्ष दीपक भण्डारीका अनुसार पहिरोमा पुरिएर ५५ वर्षीय भेषबहादुर विक, उनकी श्रीमती ४८ वर्षीया सुन्तली विक, २६ वर्षीया बुहारी सीता विक, नातिनीहरू ७ वर्षकी सपना विक र ८ महिनाकी विपना विकको मृत्यु भएको हो ।



शुक्रवार राति आएको अविरल वर्षाले पहिरो गएको जानकारी पाएपछि ईश्मा प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी टोली खटिएको एसपी भुजेलले बताए ।

नारी सञ्चार गृह झापाको
सदस्यता नविकरण तथा नयाँ सदस्यता आवेदन बारेको सूचना
प्रकाशित मिति २०८१ साल असार १५ गते
नारी सञ्चार गृह झापाको विधानको व्यवस्था अनुसार प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्ममा चालु आर्थिक वर्ष अर्थात (२०८०/०८१) सदस्यता नविकरण गर्न बाँकी रहनु भएको सदस्यहरुमा सदस्यता नविकरणका लागि सार्वजनिक सूचना गरिएको छ। साथै कार्यसमितिको २०८१ साल असार ६ गते बसेको बैठकले सोही समयावधिमा नयाँ सदस्यता प्राप्तीका लागि फाराम खुल्ला गर्ने निर्णय गरेअनुसार यस संस्थाको सदस्यता लिन इच्छुक सञ्चारक्षेत्रमा क्रियाशील महिला पत्रकारहरुका लागि सदस्यता फाराम खुल्ला गरिएको सूचना गरिन्छ।
आवश्यक कागजात
नविकरणका लागि: सदस्यता नविकरण फाराम भरी दुईप्रति पासपोर्ट साइजको फोटो, सदस्यता नविकरण शुल्कवापत
नयाा सदस्यताका लागि : कम्तीमा एकवर्षदेखि पत्रकारितामा क्रियाशील रहेको प्रमाण, नागरिकताको फोटोकपी, न्यूनतम कक्षा १२ उर्त्तिण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी, दुईप्रति पासपोर्ट साइजको फोटो
नविकरण नयाँ सदस्यता वापत शुल्क रु.२००/-मात्र
सम्पर्क व्यक्तिहरु: सञ्जु शिवाकोटी ९८४४६५०६४४, बिनिसा शर्मा ९८६४१४२५६१, इशा प्रधान ९८४२६३७०६९, मिना विश्वकर्मा ९८५२६२७६६०
नोट: नविकरण तथा नयाँ सदस्यका लागि आवेदन गर्ने अन्तिम मिति : २०८१ असार ३० गते दिउसो ४ बजेसम्म। संस्थाले तोकेका व्यक्ति वा संस्थाको कार्यालयमा सम्पर्क गरी आफैं उपस्थित भएर आवेदन गर्न सक्नु हुनेछ।
संयोजक
मायामितु न्यौपाने
नविकरण तथा नयाँ सदस्यता वितरण समिति

# बुद्धशान्ति प्रेस क्लबका नयाँ सदस्यलाई स्वागत

बुद्धशान्ति(प्रस) । पत्रकारहरुको छाता संगठनको रुपमा रहेको बुद्धशान्ति प्रेस क्लबले क्लबमा आबद्ध नयाँ सदस्यहरुलाई स्वागत सम्मानका साथै आधारभूत पत्रकारितासम्बन्धी प्रशिक्षण दिएको छ ।

प्रेस क्लबका अध्यक्ष तीर्थराज तिम्सिनाको सभापतित्वमा भएको कार्यक्रममा बुद्धशान्ति गाउँपालिका वडा नं -१ का वडा अध्यक्ष एवम् प्रेस क्लबका संस्थापक अध्यक्ष अनिल वाग्लेको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा संस्थाका सल्लाहकार संयोजक उमाकान्त खनालले पत्रकार भएर जान्नुपर्ने सामान्य कुराहरुदेखि लिएर प्रविधिमा पत्रकारले कसरी फड्को मार्न सकिन्छ ? भन्ने विषयमा प्रशिक्षण दिएका थिए । यसका साथै पत्रकारिता आचारसंहिता, खोज पत्रकारिताका बारेमा समेत जानकारी दिएका थिए। सोही अवसरमा असार १५ अर्थात दही चिउरा खाने दिन भएकाले सहभागीहरुलाई दही चिउरा कार्यक्रममा समेत सामेल गराइएको थियो ।

कार्यक्रममा क्लबका सल्लाहकार गंगाराम गड्तौला, टंक काफ्ले बिकल्प, भुवन तामाङ, संस्थापक सचिव दिपेन लावतीलगायतको आतिथ्यता रहेको थियो । नयाँ सदस्यलाई स्वागत गर्दै प्रमुख अतिथि वाग्लेले पत्रकारिता क्षेत्रमा आउने सदस्यहरुलाई शुभकामना दिएका थिए । उनले खोज पत्रकारितामा जोड दिन आग्रह समेत गरेका छन् । उनले आगामी दिनमा पत्रकार हरुको क्षमता अभिबृद्धि तथा तालिम सञ्चालनका लागि आफूले सक्दो सहयोग गर्ने बताए ।

२०७६ सालमा स्थापना भएको बुद्धशान्ति प्रेस क्लबले स्थानीय पत्रकारहरुलाई क्षमता अभिवृद्धि गराउने किसिमका तालिमका साथै उद्घोषण, व्यक्तित्व विकास तालिम, आधारभूत पत्रकारिता तालिम समय समयमा सञ्चालन गर्दै आएको क्लबका अध्यक्ष तिम्सिनाले बताए । उनले आगामी दिनमा पत्रकार हरुका लागि भिन्न किसिमको तालिमको आयोजना गर्ने समेत बताएका छन् ।संस्थाका सचिव रोशन भट्टराईले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष नारायण अर्यालले स्वागत गरेका थिए ।

## बाह्रदशी...

उत्तीर्ण , नमुना अंग्रेजी माविका १० जना सहभागीमध्ये २ जना उत्तीर्ण , दिव्यज्योति अंग्रेजी माविका ३० जना सहभागीमध्ये ५ जना उत्तीर्ण र ज्ञानज्योति माविका ७१ जना सहभागीमध्ये ४४ जना उत्तीर्ण भएको बाह्रदशी गाउँपालिकाको शिक्षा शाखाले जनाएको छ । बाह्रदशीका ५६१ जना विद्यार्थीहरुले एसईई दिएकोमा २१२ जना उत्तीर्ण भएका छन् । जुन ३७.७८ प्रतिशत हो । झापाका अन्य पालिकाका धैरे विद्यालयहरुको नतिजा शून्य आएको छ। कचनकवल गाउँपालिकाका ४ , झापा गाउँपालिकाका २ तथा हल्दिवारी र शिवसताक्षीका एक-एकवटा विद्यालयको नतिजा शून्य आएको हो ।

**भद्रपुरका दुई निजी विद्यालयको उत्तीर्ण दर शून्य**

भद्रपुरका दुईवटा विद्यालयको एसईईमा उत्तीर्ण दर शून्य आएको छ ।

३० वटा माध्यमिक विद्यालय रहेको भद्रपुरमा एसईई परीक्षामा २८ वटा विद्यालयले सहभागिता जनाएकोमा २ वटा विद्यालयको उत्तीर्ण दर शून्य आएको हो । उत्तीर्ण दर शून्य ल्याउने दुवै संस्थागत विद्यालय हुन् । भद्रपुर ६ को मोर्डन अंग्रेजी माध्यमिक विद्यालय र भद्रपुर १० मा रहेको सेन्ट कुजुर एकेडेमीको उत्तीर्ण दर ०.०० प्रतिशत रहेको छ। अन्य विद्यालयले न्यूनतम १.६४ प्रतिशतदेखि अधिकतम ९०.९१ प्रतिशतसम्म उत्तीर्ण गराएको पाइन्छ ।

उत्तीर्ण प्रतिशतमा सामुदायिकभन्दा संस्थागत विद्यालय नै अब्बल देखिएको भद्रपुरमा ९०.९१ प्रतिशत उत्तीर्ण दर प्राप्त गर्दै भद्रपुर २ को ज्ञान सरोवार निकेतन प्रथम, ६८.५२ प्रतिशतसहित भद्रपुर ७ को एमरेल्ड एकाडेमी द्वितीय, ६६.६७ प्रतिशतका साथ मोरान मेमोरियल र कृष्ण द्वैपायन गुरूकुलले तेस्रो स्थान लिएको नतिजाले देखाएको छ। उत्तीर्ण दर १.६४ प्रतिशत कायम राख्दै भद्रपुर मावि अन्तिम स्थानमा रहेको छ। शून्य उत्तीर्ण दर रहेको हिमालयले भने नगरपालिकाको शिक्षा शाखालाई आफ्नो विद्यालयको नतिजा उपलब्ध नगराएको जनाइएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।


प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने